**बैठक संख्या ४०** **मिति २०७६।०७।२२**

आज मिति २०७६।०७।२२ गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)
श्री गोविन्द प्रसाद पौडेल

कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४०

मिति: २०७६।०७।२२

प्रस्तावहरु

१) समीक्षा, ................

२) कन्स्ट्रक्सन दर्ता सम्बन्धमा

३) सहमती गै.स.स. प्रस्ताव कोटवैदी स्थायी टनेल, ट्रस निर्माण सम्बन्धमा

४) नयाँ ट्रयाक उ.स.वाट गर्ने सम्बन्धमा

५) सिम कार्ड लिने सम्बन्धमा

६) कर्मचारीलाई सार्वजनिक विदाको दिनमा पनि काम गर्न तोक्न सकिने सम्बन्धमा

७) कार्यालय समय वाहेक आकस्मिक (इमर्जेन्सी) स्वास्थ्य उपचार शुल्क तोक्ने सम्बन्धमा ?

८) गाउँपालिकाको श्रोतवाट संचालन भएको देवघाट अस्पतालमा ल्याव संचालन गर्ने र ल्याव शुल्क तोक्ने सम्बन्धमा

९) सामाजिक सुरक्षा लाभग्राहीको नविकरण सम्बन्धमा

१०) लैंगिक हिंसा विरुद्धको अभियान संचालन सम्बन्धमा

११) कार्तिक २८ गते विश्व मधुमेह दिवस मनाउने सम्बन्धमा

१२) भवन निर्माण तथा जग्गा विकास मापदण्ड सम्बन्धमा

१३) एकिकृत नागरिक सेवा केन्द्रमा स्वास्थ्य सेवा पुर्‍याउने सम्बन्धमा

१४) सडक वोर्डको रु. ६०००००। को योजना छनौट सम्बन्धमा

१५) नदी घाट ठेक्का सम्बन्धमा

१६) राहत सम्वन्धमा

निर्णय

१) ल्याव सेवा र अस्पतालमा २४ घण्टे स्वास्थ्य सेवा २०७६।०७।२४ गतेवाट शुरु हुने र त्यस कार्यक्रमलाई प्रभावकारी वनाउने लगायतका समसामयिक विषयका सम्बन्धमा र योजना सम्झौता र भुक्तानी चेक लिष्ट अनुसार योजनाको संझौता र भुक्तानी गर्ने विषयमा समीक्षा गरियो ।

२) देवघाट वडा नं. ५ का भुवन सिं. गुरुङ्गले सुनिस्चित कन्स्ट्रक्सन एण्ड सप्लायर्सले दिएको निवेदन अनुसार सुनिस्चित कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई निर्माण इजाजत दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग वहादुर थापा
अध्यक्ष

३) सहमती गै.स.स.को प्रस्ताव अनुसार कोटवैदी कृषि अनुसन्धान केन्द्रमा स्थायी टनेल/ ट्रस निर्माण गर्न अनुमति दिने र लागत सहभमगिता समपुरक स्वरुप गाउँपालिकाले निर्माण कार्य समेतको भैपरी शिर्षकवाट रु. १५००००। ( एक लाख पचास हजार )खर्च गर्ने निर्णय गरियो ।

४) जग्गा तथा रुख विरुवाको व्यवस्थापन गर्न सहज हुने हुँदा नयाँ ट्र्याक खोल्ने काम उपभोक्ता समितिवाट गर्ने । मुख्य सडक साउने-कर्ताप र सिङ्ख्याङ्ग -सर्वाङ्गको लागी न्यूनतम दश प्रतिशत लागत सहभागिता र अन्य ट्र्याक खोल्ने काम उपभोक्ता समितिवाट गर्दा न्यूनतम विस प्रतिशत लागत सहभागिता स्वरुप व्यहोर्नु पर्ने र सो नभए सूचना तथा टेण्डर प्रक्रियावाट गर्ने निर्णय गरियो । साथै श्रममुलक काम गर्ने कामदारको कमी, काम गर्ने क्षेत्र गाउँ वस्तिवाट टाढा पर्ने, भिर पाखो तथा चट्टान क्षेत्र पर्ने, प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत वेरोजगारीहरु सडक निर्माण कार्यमा अनिच्छुक देखिने कारण र कामदारवाट काम गर्न भन्दा मेशिनवाट काम गर्दा सस्तो पनि पर्ने हुँदा नयाँ ट्र्याक खन्ने काम,वाटो पराकिलो गर्ने काम, मोड सुधार गरी सडक स्तरोन्नती गर्ने काम र वन्द भएको वाटो खुलाउने काम मेशिनवाट गर्ने निर्णय गरियो ।

५) सिम कार्ड सवै वडा अध्यक्ष, शाखा प्रमुख, वडा सचिव, २४ घण्टे सुत्केरी केन्द्र, स्वास्थ्य चौकी इन्चार्ज, अस्पताल प्रमुख, अफिस गाडी र फोहरमैला ओसार्ने ट्याक्टर चलाउने ड्राईभरलाई उपलब्ध गराउने र फोन सुविधा नपाएका कर्मचारीहरुलाई मासिक रु.२००।०० गाउँपालिकाले उपलब्ध गराउने तथा जन प्रतिनिधि र कर्मचारीको नाम तथा फोन नं क्रमश: प्रत्येक घरमा, वडा कार्यालयमा,विद्यालयमा, टोल तथा अन्य संघ संस्थाहरुमा टाँस गर्ने निर्णय गरियो ।

६) स्वास्थ्य चौकी, अस्पताल, पशु स्वास्थ्य इकाईका कर्मचारीलाई सार्वजनिक विदाको दिनमा पनि काम गर्न तोक्न सकिने र यसरी काम गर्न तोकिएमा कर्मचारीको सुविधा सम्बन्धी कार्यविधि, २०७५, नं १९ मा उल्लेख भए बमोजिमको अतिरिक्त समय काम गरेको मानि प्रति दिन एक दिनको तलब बराबरको रकम भुक्तानी दिने निर्णय गरियो ।

७) गाउँपालिका अन्तर्गका ५ वटा वडाका स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुले कार्यालय समय वाहेक स्वास्थ्य चौकीमा विरामी आएमा रु. १००। र घरमै गई आकस्मिक (इमर्जेन्सी) स्वास्थ्य उपचार गर्नु पर्ने भएमा प्रति विरामीवाट बढीमा रु. २००। भन्दा बढी शुल्क लिन नपाउने निर्णय गरियो ।

८) गाउँपालिकाको श्रोतवाट संचालन भएको देवघाट अस्पतालमा ल्याव संचालन गर्ने तथा तपसिल अनुसार ल्याव शुल्क तोक्ने अर्को व्यवस्था नभए सम्म ल्याव शुल्क गाउँपालिकाको संचित कोषमा जम्मा गर्ने ।

| क्र.सं. | विवरण | दर | कैफियत | क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | Bilirubin | 150 | | 17 | HIV | 400 | |
| 2 | Uric Acid | 120 | | 18 | HBSAG | 200 | |
| 3 | VDRL | 250 | | 19 | CRP | 250 | |
| 4 | CBC | 300 | | 20 | ESR | 80 | |
| 5 | WBC | 70 | | 21 | Pigment (UPT) | 100 | |
| 6 | Urine R/E | 50 | | 22 | BT | 50 | |
| 7 | RBC | 60 | | 23 | CT | 50 | |
| 8 | Creatinine | 200 | | 24 | Stool R/E | 50 | |
| 9 | Urea | 150 | | 25 | AGOT | 150 | |
| 10 | Wiadal | 200 | | 26 | SGPT | 150 | |
| 11 | Plates | 100 | | 27 | Malariya | 150 | |
| 12 | RA Factor | 200 | | 28 | AFB (Staine) | 100 | |
| 13 | Blood Sugar F | 30 | | 29 | Cholestrol | 150 | |
| 14 | Hemoglobin | 50 | | 30 | Blood Sugar P/P | 30 | |
| 15 | Blood Grouping | 50 | | 31 | Blood Sugar R | 30 | |
| 16 | Dangue Kid | 800 | | | | | |

नोट: आकस्मिक सेवामा आउने बिरामीको लागि टिकट शुल्क रुलिईनेछ । -/२० .

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग वहादुर थापा
अध्यक्ष

९) सामाजिक सुरक्षा लाभग्राहीको नविकरण श्रावण देखी मार्ग मसान्त सम्म वडा कार्यालयमा गई नविकरण गर्नु पर्ने प्रावधान रहेकोमा सवै वडावासी लाभग्राहीहरुलाई नविकरण गराउन वडा अध्यक्षको नेतृत्ववाट प्रसार प्रसार एवं सहयोग गर्ने ।

१०) गाउँपालिकामा यस आर्थिक वर्षलाई लैंगिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा विभिन्न कार्यक्रम संचालन गर्ने तथा लैंगिक हिंसा विरुद्धको अभियान १६ दिने अभियान मा.वि. मा किशोर किशोरीलाई सचेतना कार्यक्रम, नाटक संचालन गरी मनाउने निर्णय गरियो ।

११) कार्तिक २८गते सवै स्वास्थ्य चौकीहरुमा आउने विरामीहरुलाई सुगर जाँच गरी विश्व मधुमेह दिवस मनाउने निर्णय गरियो ।

१२) गाउँपालिकामा संचालन हुने ५ वटा वडाका ७ वटा ठाउँमा संचालन हुने एकिकृत नागरिक सेवा केन्द्रमा स्वास्थ्य सेवा पुर्‍याउनको लागी एक असिस्टेन्ट हेल्थ वर्कर ( H.A ) दैनिक ज्यालादारीमा काममा खटाउने निर्णय गरियो ।

१३) सडक वोर्डको रु. ६०००००। र लागत सहभागिता रुं १८००००। गरी रु. ७८००००। ( सात लाख असी हजार ) को रकमको तपसिल अनुसारको योजना छनौट गर्ने निर्णय गरियो ।

तपसिल

१. कोटा स्वास्थ्य चौकी मोटर मार्ग वडा नं. १, रु. १८००००।

२. कुसुण्डे मोटरमार्ग वडा नं. २, रु. ३०००००।

३. फिदिम स्वाँरा मोटर मार्ग वडा नं. ३, रु. ३०००००।

१४) देवघाट गाउँपालिका क्षेत्र भित्र पर्ने त्रिशुली र कालिगण्डकी नदी घाटमा नदी जन्य पदार्थ (श्रोत ) उत्खनन् गर्नको लागी प्रारम्भिक वातावरणीय परीक्षण ( IEE ) भएको र ठेक्का लगाउनको लागी राष्ट्रपती चुरे तथा मधेश संरक्षण विकास समिति खुमलटार र अनुसन्धान तथा कार्यक्रम सहयोग ईकाई वुटवललाई मिति २०७६।५।९, ११, ६।२४, ७।२० मा पत्राचार गरी अनुमति माग गरिएकोमा हाल सम्म पनि अनुमती नआएको र समयमै ठेक्का नलगाउँदा गाउँपालिकाको आन्तरिक राजश्व लक्ष्य अनुसार उठ्न नसक्ने र विकास निर्माणको काम प्रभावित हुने हुँदा राष्ट्रपती चुरे तथा मधेश संरक्षण विकास समितिवाट अनुमती नआए पनि आवश्यक सवै प्रकृया पुरा गरी विक्री ठेक्का लगाउने निर्णय गरियो ।

१५) देवघाट १, कोटा निवासी कुल वहादुरको छोरा सिर्जल गुरुङ्गको मेरुदण्ड भाँचिएको र उपचारमा धेरै खर्च लाग्ने तर आर्थिक अवस्था कमजोर भएकोले रु. २५०००। (पच्चिस हजार) राहत र देवघाट वडा नं. १ कोटामा स्वास्थ्य चौकी निर्माण गर्ने क्रममा पदम वहादुर गुरुङ्गको साँधको जग्गाको अन्न वाली सवै नष्ट भएकोले राहतवापत रु. १००००। (दश हजार) नगद भुक्तनी दिने निर्णय गरियो ।

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३